## नेपाल जन-प्रशासन संघ (PAAN) द्वारा आयोजित बीसौं राष्ट्रिय सम्मेलनमा नेपालको समग्र विकासमा जनता-केन्द्रित शासन प्रणाली (People-Centric Governance) को भूमिका बारे जारी भएको अडान

## (PAAN STAND)

नेपाल जन–प्रशासन संघद्वारा वि. सं. २०८१ पौष १३ गते काठमाण्डौमा आयोजित जनता-केन्द्रित शासन प्रणालीसम्बन्धी राष्ट्रिय सम्मेलन (PAAN National Conference on People-Centric Governance) द्वारा देहायबमोजिमको अडान (PAAN Stand) जारी भएको छ:

<u>सम्लमेनमा व्यक्त केही उदगार</u>

*"जनता-केन्द्रित शासन प्रणालीले सरकारमा जनताको पहुँच (Acess) र सन्निकटता (proximity), जनताप्रति सरकारको उत्तरदायित्व (responsiveness) सराकरी सेवामा गुणस्तर (quality srvice), सरकारी जनशक्तिमा समावेशी विविधता (inclusion of diversity) र नीति निर्माणमा जनताको संलग्नता (invovlement) को अपेक्षा राख्दछ। यसले अयोग्यतन्त्र (kakistorcracy) र लोकरिझ्याँई (populism) लाई अस्वीकर गर्दछ।"*

*"सङ्घीय लोकतान्त्रिक गणतन्त्रसहितको संविधान र यसले अङ्गीकार गरेका समानुपातिक समावेशी सिद्धान्त र प्रदेश र स्थानीय तहमा भएको अधिकार तथा स्रोत विन्यासले शासन प्रणालीमा ठूलो फड्को मारेतापनि केन्द्रीकृत मानसिकता र प्रशासनिक सङ्घीयताको कार्यान्वयनमा देखिएको ढिलाइले नेपालमा पूर्णतया जनता–केन्द्रित शासन प्रणाली लागू हुन सकेको छैन। सरकारका काम–कारबाहीमा जवाफदेहिताको कमी, भ्रष्टाचार र दण्डहीनता, सेवा प्रवाहका कमजोरी र राजनीतिकरणले जनतामा छाएको निराशा चिर्न जनता–केन्द्रित शासन प्रणाली अवलम्बन गर्न जरूरी भएको छ।"*

*"जनता–केन्द्रित शासन प्रणाली भन्नु नै शासनमा जनताको आवश्यकता, आकांक्षा, र संभावनाको सम्वोधन गर्ने प्रणाली स्थापित गर्नु एवं सरकारका सबै काम कारबाही, कानून र नीति निर्माणमा जनताको आवाज र हितको सम्बोधन गर्नु हो। यसले शासन प्रणालीमा पारदर्शिता, जवाफदेहिता, सहभागिता, लचकता र विविधताको सम्बोधनका साथै आशा र विश्वासको निर्माणसहित समानतामूलक र समन्यायिक अवसरहरूको सिर्जनाको अपेक्षा राख्दछ।"*

*""जनता-केन्द्रित शासन प्रणालीले नागरिकहरूकलाई परिवर्तनको संवाहकको रूपमा स्वीकार गर्दै उनीहरुको आत्म प्राप्तिको लक्षलाई सम्बोधन गर्न सक्नुपर्छ। यसले तृणमूल तह (grassrots level) को आवश्यकतालाई शासन प्रणालीमा समाहित गर्दै कोही पनि छुटन नहुने (no one left behind) सिद्धान्तलाई अङगीकर गर्दछ।"*

१. <u>जनता-केन्द्रित शासन प्रणालीको अपरिहार्यता</u>: जनता-केन्द्रित शासन प्रणाली (people-centric governance) को मूल उद्देश्य जनतालाई शासनको केन्द्रमा राख्दै सेवा प्रवाह, नीति निर्माण र कार्यान्वयनमा जनताको आवश्यकता, चाहना, र हितअनुसार शासन सञ्चालन गर्नु हो। नेपालजस्तो बहुजातीय, बहुभाषिक, र सांस्कृतिक विविधता भएको देशमा समग्र विकासको लागि जनता-केन्द्रित शासनको अवलम्बन अपरिहार्य छ। यसको लागि सार्वजनिक प्रशासनमा नागरिकहरूको सहभागिता, पारदर्शिता, जवाफदेहिता र समावेशी विकासलाई सुनिश्चित गर्नुपर्छ।

२. <u>जनता र सरकारको बीचमा विश्वासको सम्बन्ध</u>: जनता-केन्द्रित शासनको लागि सरकार र जनताबीच विश्वासको सम्बन्ध सिर्जना गरिनु पर्छ । यसको लागि सराकरले प्रदान गर्ने सेवा अन्य कार्यहरूमा जनताको सन्तुष्टि कायम गरिनु पर्छ । जनता र सरकारका बीच विश्वासको सम्बन्ध स्थापित गर्न सार्वजनिक प्रशासनले सेतुको भूमिका निर्वाह गर्नु पर्दछ ।

३. <u>नागरिक सशक्तिकरण</u>: जनता-केन्द्रित शासन प्रणालीमा नागरिकको सशक्तिकरण अत्यन्त महत्त्वपूर्ण छ । यसले नागरिकलाई सरकारको निर्णय प्रक्रियामा सहभागी गराउँछ र सरकारलाई जनताको आवश्यकताबारे संवेदनशील बनाउँछ । यसले नागरिकलाई आफ्नो अधिकार र कर्तव्यप्रति सचेत बनाउँछ र शासन प्रणालीमा उनीहरूको भागीदारीलाई बढावा दिन्छ ।

४. <u>न्याय र समानतामा आधारित शासन प्रणाली</u>: जनता-केन्द्रित शासनको आधार न्याय र समानता हो । यसले कुनै पनि प्रकारको भेदभावको अन्त्य गर्दै शासन प्रणालीमा सबै नागरिकका लागि समान अधिकार र अवसर सुनिश्चित गर्दछ । तसर्थ सबै जातजाति, धर्म, र वर्गका नागरिकलाई समान अवसर र सुविधाहरू उपलब्ध गराई प्रत्येक समुदायको समग्र विकासमा ध्यान दिइनु पर्छ ।

४. <u>सहभागितामा आधारित नीति निर्माण</u>: नीति निर्माणदेखि कार्यान्वयनसम्म नागरिकहरूको सक्रिय सहभागिताको प्रक्रिया सुनिश्चित गरिनु पर्छ । सरकारी निर्णय प्रक्रियामा जनताको प्रतिनिधित्व, सार्वजनिक परामर्श र सुनुवाइ सुनिश्चित गरिनु पर्छ ।

५. <u>सार्वजनिक सेवाको गुणस्तर, प्रभावकारिता र समन्यायिकता</u>: सार्वजनिक सेवाहरू गुणस्तरीय र प्रभावकारी हुनुपर्छ । तीनै तहका सरकारका प्रत्येक निकायहरूले प्रदान गर्ने सेवालाई पारदर्शी, नागरिकमैत्री र प्रविधिमैत्री बनाई नागरिकलाई सस्तो, छरितो, प्रभावकारी र सहज सेवा उपलब्ध गराउनु पर्छ । सेवाको वितरणलाई समन्यायिक (equitable) बनाउन महिला, दलित, अपाङ्गता भएका व्यक्ति र पिछडिएका क्षेत्रहका जनताको आवश्यकतालाई सम्वोधन गर्न विशेष व्यवस्थाहरू गरिनुपर्छ ।

७. <u>दिगो विकासका लागि समावेशी नीति</u>: दिगो विकासका लागि सबै वर्ग र क्षेत्रका लागि समान अवसर सिर्जना गरिनुपर्छ । यसको लागि समावेशी नीति र समावेशी योजना निर्माण प्रकृया सुनिश्चित गरिनुपर्छ । समाजका हरेक वर्ग र समुदायको समान पहुँच र अवसर सुनिश्चित गर्न विपन्न र बहिष्करणमा परेका समुदायलाई प्राथमिकतामा राखेर विकासका कार्यक्रम सञ्चालन गरिनु पर्छ ।

८. <u>जनउत्तरदायी, जवाफदेही, पारदर्शी, कुशल र सशक्त सार्वजनिक प्रशासन</u>: जनता-केन्द्रित शासन प्रणालीले जनउत्तरदायी, जवाफदेही, र पारदर्शी सार्वजनिक प्रशासनमा जोड दिन्छ । सार्वजनिक संस्थाहरूलाई पारदर्शी र जिम्मेवार बानउन प्रशासनिक सुधारलाई निरन्तरता दिइनुपर्छ । तीनै तहका प्रशासनिक दक्षता र सार्वजनिक निकायहरूको सबलीकरणमा जोड दिइनु पर्दछ ।

९. <u>सार्वजनिक–निजी साझेदारी</u>: पूर्वाधार विकास, सेवा प्रवाह र आर्थिक उन्नतिका लागि निजी क्षेत्रसँग सहकार्य र समुदायको सहभागिता सुनिश्चित गरिनु पर्छ । सबै तहमा सार्वजनिक-निजी साझेदारीको प्रयोग हुनुपर्छ ।

१०. <u>नैतिकता, इमान्दारी र सदाचारिता</u>: जनता-केन्द्रित शासन प्रणालीको मर्मअनुरूप नीति र कानूनको निर्माण र कार्यान्वयन र सार्बजनिक सेवालाई स्वच्छ, भ्रष्टाचारमुक्त र प्रभाबकारी बनाउन सार्वजनिक सेवाममा नैतिकता, इमान्दारी र सदाचारिताको प्रवर्द्धन गरिनुपर्छ ।

नेपालको समग्र विकासका लागि जनता-केन्द्रित शासन प्रणालीको स्थापना अनिवार्य छ । यसले जनताको सहभागिता, सेवा प्रवाहको सुधार, र समावेशी विकासलाई सुनिश्चित गर्दै समन्यायिक समाजको निर्माण गर्नेछ ।

नेपाल जन-प्रशासन सङ्घ उपर्युक्त परिवर्तनको लागि नागरिक सहभागिताका माध्यमबाट समृद्ध नेपाल निर्माणको संकल्पलाई मूर्तरूप दिन प्रशासनिक सुधार  र जनतामुखी समावेशी र जनउत्तरदायी नीति निर्माणमा सुझाव र परामर्श दिने र सरकारी निकायहरूसँग सहकार्य गर्दै सहयोग गर्न सदा तत्पर र प्रतिबद्ध छ ।